# बर्दघाट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बर्दघाट, नवलपरासी
## लुम्बिनी प्रदेश, नेपाल

प. सँः ०७७।७८
च.नं. ९५८

मितिः ०७७।७।१९

श्री बर्दघाट नगरपालिका
२ ,५, १०, १४ र १६ .नं वडा कार्यालय

**विषयः सूचना टाँस गरी जानकारी पठाइदिनुहुन ।**

बर्दघाट नगरपालिका क्षेत्र भएर बग्ने विभिन्न खोलाहरूबाट ढुंगा, गिट्टी, बालुवा संकलन गर्ने कार्यलाई व्यवस्थित गर्ने सन्दर्भमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने सम्बन्धमा आज मिति ०७७/७/१९ मा प्रकाशित यसै साथ संलग्न सूचना तहाँ वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सम्बन्धित खोलाको प्रभाव क्षेत्र भित्र पर्ने सार्वजनिक स्थलहरुमा टाँस गरि सोको जानकारी यस कार्यालयलाई गराउनुहुन अनुरोध छ ।

6195

मेघनाथ पाध्या
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# बर्दघाट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बर्दघाट, नवलपरासी
## लुम्बिनी प्रदेश, नेपाल

**यस नगरपालिका अन्तर्गतका नदीहरुबाट ढुंगा, गिट्टी, बालुवा संकलनको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने बारे सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/७/१९

यस लुम्बिनी प्रदेश नवलपरासी (बर्दघाट –सुस्ता पश्चिम) जिल्ला बर्दघाट नगरपालिका क्षेत्र भएर बग्ने उल्लेखित ३ वटा खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवा संकलन गर्ने कार्यलाई व्यवस्थित गर्न वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०५७ तथा बर्दघाट नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय अध्ययन कार्यविधि, २०७७ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने क्रममा कार्यविधिको दफ ६ को उपदफ (३) बमोजिम सो प्रस्ताव कार्यान्वयन गर्दा प्रस्ताव क्षेत्रको भौतिक, जैविक, सामाजिक तथा सांस्कृतिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यसका अवयवहरु तथा ती अवयवहरु बीचको अन्तरक्रिया र अन्तरसम्बन्धमा पर्ने प्रभावको बारेमा एकिन गर्न यस नगरपालिकाका, वडा कार्यालय, विद्यालय, अस्पताल, स्वास्थ्यचौकी, सम्बन्धित अन्य निकाय र सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिबाट ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई सहयोग गरिदिन हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | खोला/नदी | नदीसँग जोडिएको वडा नं |
|---|---|---|
| १ | गंगटी खाला खोला | बर्दघाट, वडा नं २ |
| २ | आम्बास खोला | बर्दघाट, वडा नं २ र १० |
| ३ | खजुरा खोला | बर्दघाट, वडा नं.५, ७, १४ र १६ |

राय सुझाव पठाउने ठेगाना :

बर्दघाट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बर्दघाट, नवलपरासी
मो. ९८५७६४३१११
ईमेल: bardaghat.municipality@gmail.com

२०७७/७/१९

बर्दघाट नगरपालिका

प्रमुख प्रशासकीय अधिकृत